नेपाल सरकार
# विज्ञापन बोर्ड
बबरमहल, काठमाडौं

**प.सं. :-** ०८१/८२
**च.नं. :-** ४२२

**मिति :-** वि.सं. २०८१/१२/०६
**ने.स. :-** ११४५ चिल्लागा ५ बुधवार

विषय: लोककल्याणकारी विज्ञापन प्रसारण गर्ने सम्बन्धमा ।

श्री एफ.एम. तथा रेडियो
(४३२ वटा)

विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारणसम्बन्धी कार्यविधि, २०८१ को दफा ९(१) बमोजिम लोककल्याणकारी विज्ञापन प्रसारणका गर्न निवदेन दिएका विद्युतीय सञ्चरमाध्यमहरु मध्ये लोककल्याणकारी विज्ञापन प्रसारण गर्न छनौट भएका ४३२ वटा रेडियो तथा एफ.एम. र ८९ वटा टेलिभजनहरुले आ.ब. ०८१/०८२ का लागि बोर्डको वेभसाइट www.adboard.gov.np मा राखिएका टेलिभिजनका लागि लोककल्याणकारी विज्ञापन सामग्री (TVCs) १९ वटा र रेडियो तथा एफ.एम. रेडियोका लागि लोककल्याणकारी विज्ञापन सामग्री (PSAs) ४० वटा **मिति २०८१ चैत्र ११ गते**बाट देहायको समय वर्गीकरण तालिका र शर्तहरुको अधिनमा रही प्रसारण गर्नु हुन अनुरोध छ । लोककल्याणकारी विज्ञापन प्रसारण गर्न छनौट भएका ८९ वटा टेलिभिजन तथा ४३२ वटा रेडियो तथा एफ.एम. हरुको सुची बोर्डको बेवसाइटमा राखिएको व्यहोरा समेत अनुरोध छ ।

**१. आ.ब. ०८१/०८२ मा विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारणको समय वर्गिकरण तालिका:**

**(क) टेलिभिजन (केवल, भू-सतही, भू-उपग्रह) तर्फ**

| प्रसारण अवधि | समयको वर्गीकरण | प्रसारण समय | कैफियत |
|---|---|---|---|
| ५९ मिनेट | सुपरप्राइम (५० प्रतिशत) | साँझ ७ बजेदेखि बेलुका ९ बजेसम्म | दिनमा कम्तिमा १ स्पट प्रसारण भएको हुनुपर्ने। |
| ४२ मिनेट | प्राइम (४० प्रतिशत) | बिहान ७ बजेदेखि बिहान ९ बजेसम्म<br>राती ९ बजेदेखि राती १० बजेसम्म | हप्ताको ५ दिन (सोमबार र मंगलबार बाहेक) १ स्पटका दरले प्रसारण भएको हुनुपर्ने। |

इमेल: info@adboard.gov.np फोन नं: +९७७ ०१५९०९३४४ वेबसाइट: https://adboard.gov.np/

| प्रसारण अवधि | समयको वर्गीकरण | प्रसारण समय | कैफियत |
|---|---|---|---|
| २२ मिनेट | सामान्य (१० प्रतिशत) | बिहान ६ बजेदेखि बिहान ७ बजेसम्म<br>बिहान ९ बजेदेखि बिहान १० बजेसम्म<br>साँझ ५ बजेदेखि साँझ ६ बजेसम्म | बिहिबार, शुक्रबार र शनिबार १ स्पटका दरले प्रसारण भएको हुनुपर्ने। |

**ख) <u>रेडियो तथा एफ.एम. रेडियो तर्फ</u>**

| प्रसारण अवधि | समयको वर्गीकरण | प्रसारण समय | कैफियत |
|---|---|---|---|
| १९८ मिनेट | सुपरप्राइम (५० प्रतिशत) | बिहान ६ बजेदेखि बिहान ८ बजेसम्म<br>साँझ ६ बजेदेखि साँझ ८ बजेसम्म | दिनमा कम्तिमा ३ स्पट प्रसारण भएको हुनुपर्ने। विहान वा बेलुका मात्र प्रसारण नगरी दुबै समयमा प्रसारण गर्ने । |
| १४५ मिनेट | प्राइम (४० प्रतिशत) | बिहान ८ बजेदेखि बिहान ९ बजेसम्म<br>बेलुका ८ बजेदेखि बेलुका ९ बजेसम्म | विहान १, बेलुका १ गरि दिनमा कम्तीमा २ स्पट र शनिबार विहान २ र बेलुका २ गरी कम्तीमा ४ स्पट प्रसारण गर्ने। |
| ३९ मिनेट | सामान्य (१० प्रतिशत) | बिहान ९ बजेदेखि दिउँसो ११ बजेसम्म<br>राती ९ बजेदेखि राती ११ बजेसम्म | दिनमा कम्तीमा १ स्पट प्रसारण भएको हुनुपर्ने। |

२. **<u>शर्तहरुः</u>**

(क) विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारणसम्बन्धी कार्यविधि, २०८१ का आधारमा लोककल्याणकारी विज्ञापन प्रसारण गर्न छनौट भएका रेडियो तथा एफ.एम. रेडियो र टेलिभजनहरुले बोर्डबाट स्वीकृत वर्गीकृत समय तालिका अनुसार **<u>२०८१ चैत्र १७ गतेभित्र</u>** लोककल्याणकारी विज्ञापन प्रसारण तालिका (Broadcast Schedule) तयार गरी विज्ञापन बोर्ड र रकम भुक्तानी गर्ने सम्बन्धित हुलाक निर्देशनालय वा जिल्ला हुलाक कार्यालयमा पेश गर्नु पर्नेछ ।

(ख) रेडियो तथा टेलिभिजनहरुले पठाएको प्रसारण तालिका (Broadcast Schedule) अनुसार विज्ञापन प्रसारण भए नभएको अनुगमन बोर्ड तथा हुलाक निर्देशनालय/जिल्ला हुलाक कार्यालयहरुले गर्नेछन् ।

(ग) सम्बन्धित निकायले अनुगमन तथा निरीक्षणका क्रममा सञ्चारमाध्यमले तोकिएको समयमा प्रसारण तालिका बमोजिम विज्ञापन प्रसारण गरेको नपाईएमा भुक्तानी दिइनेछैन ।

(घ) विज्ञापन बोर्डले पठाएका विज्ञापनहरु आफु खुसी सम्पादन गरी प्रसारण गर्न पाइने छैन र त्यसो गरेको पाइएमा भुक्तानी गरिनेछैन ।

(ङ) विज्ञापन बोर्डले पठाएका लोककल्याणकारी विज्ञापन सम्बन्धित रेडियो तथा एफ.एम. रेडियो र टेलिभजनहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत थप समय र अबधिमा प्रसारण गर्न चाहेमा प्रसारण गर्न सक्नेछन् ।त्यसरी प्रसारण गरे वापत बोर्ड तथा हुलाक निर्देशनालय/जिल्ला हुलाक कार्यालयले थप भुक्तानी दिने छैन ।

(च) कुनै कारणवश प्रसारण अवरुद्ध भई लोककल्याणकारी विज्ञापन प्रसारण हुन नसके तत्काल बोर्ड तथा हुलाक निर्देशनालय/जिल्ला हुलाक कार्यालयलाई जानकारी गराई अवरुद्ध समयावधिभरको विज्ञापन अन्य दिनहरुमा **२०८२ जेष्ठ १५ गतेभित्र** प्रसारण गर्ने व्यवस्था मिलाउनु पर्नेछ र सोको जानकारी बोर्ड, हुलाक निर्देशनालय/जिल्ला हुलाक कार्यालयहरुलाई गराउनु पर्नेछ ।

(छ) बोर्डले तोके बमोजिमको प्रसारण तालिका अनुसार प्रसारण नगरी कम अबधि प्रसारण गरेमा कम अबधि प्रसारण गर्ने रेडियो तथा एफ.एम. रेडियो र टेलिभजनहरुलाई प्रसारण गरेको आधारमा लोककल्याणकारी विज्ञापन वापतको रकम प्रसारण अनुपातका आधारमा भुक्तानी गरिनेछ ।

(ज) बोर्डले स्वीकृत गरेको समय वर्गिकरण तालिकाका आधारमा प्रसारण गर्ने संस्थाले पेश गरेको प्रसारण तालिका (Broadcast Schedule) अनुसार लोककल्याणकारी विज्ञापन प्रसारण गरेको नपाइएमा भुक्तानी गरिने छैन ।

(झ) रेडियो तथा एफ.एम. रेडियो र टेलिभजनहरुले लोककल्याणकारी विज्ञापन सामग्री वि.सं. **२०८२ जेष्ठ १५ गतेभित्र** प्रसारण गरी **जेष्ठ २२ गतेभित्र** बोर्ड, हुलाक निर्देशनालय/जिल्ला हुलाक कार्यालयमा भुक्तानीको लागि माग गर्नु पर्नेछ ।

(ञ) भुक्तानीको समयमा बोर्ड, हुलाक निर्देशनालय तथा जिल्ला हुलाक कार्यालयले विलका अतिरिक्त कर चुक्ता प्रमाणपत्र, इजाजत पत्र र लाईसेन्स लगायतका कागजात पेश गर्नु पर्नेछ ।

(ट) एउटै विज्ञापन लगातार प्रसारण नगरी सबै विज्ञापनहरु क्रमशः प्रसारण गर्नु पर्नेछ । सकेसम्म उपयुक्त समयमा उपयुक्त विज्ञापन प्रसारण गर्नु पर्नेछ ।

(ठ) महिला, दलित तथा अन्य पिछडिएको समुदायबाट सञ्चालित एफ.एम. रेडियो र टेलिभजनहरुले थप २५ प्रतिशत भुक्तानी समेत माग गरेको भए विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारणसम्बन्धी कार्यविधि, २०८१ को दफा २१ को उपदफा २ र ३ बमोजिमका कागजातहरु समेत संलग्न राखी भुक्तानीका लागि पेश गर्नु पर्नेछ ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Dilli Ram Subedi
dkt.adm2029@gmail.com

(डिल्ली राम सुवेदी)
शाखा अधिकृत

नेपाल सरकार

# विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं

चालु आ. व २०८१/८२ मा तयार गरिएका नयाँ लोककल्याणकारी विज्ञापनहरुका साथै गत वर्षका लोककल्याणकारी विज्ञापनहरु (*विज्ञापन प्राप्त गर्न Link मा क्लिक गर्नुहोला*) देहायका बमोजिम रहेकोले प्रसारणको अनुमति भएको जानकारी गराईन्छ ।

| सि. नं. | चालु आ.ब. का विज्ञापन (PSAs) का Link |
|---|---|
| १. | गर्भवती जाँच सम्बन्धी |
| २. | जन्मदर्ता सम्बन्धी |
| ३. | जेब्राक्रसबाट बाटो काट्ने/सडकको सुरक्षित उपयोग |
| ४. | झाडा पखालाबाट बच्ने उपाय सम्बन्धी |
| ५. | बालबालिका स्वास्थ्य सम्बन्धी |
| ६. | मानसिक स्वास्थ्य समस्याका लक्षण सम्बन्धी |
| ७. | मानसिक स्वास्थ्य समस्याबाट बच्ने उपाय सम्बन्धी |
| ८. | स्वस्थ मुटु सम्बन्धी |
| ९. | रक्तदान सम्बन्धी |
| १०. | रसायनिक बिषादिको प्रयोग र बैकल्पिक उपाय सम्बन्धी |
| ११. | सामाजिक सञ्जालको सदुपयोग सम्बन्धी |
| १२. | सुरक्षित बैङ्किङ कारोबार सम्बन्धी |
| १३. | सुरक्षित बैदेशिक रोजगार सम्बन्धी |
| १४. | आगोलागिबाट बच्ने सम्बन्धी |
| १५. | सर्पको टोकाईबाट बच्ने सम्बन्धी |
| १६. | पहिरो जानु पुर्वका लक्षण सम्बन्धी |
| १७. | चटयाङबाट बच्ने सम्बन्धी |
| १८. | विवाहमा दाइजो लेनदेन नगर्ने सम्बन्धी |
| **सि. नं.** | **गत आ.ब. का विज्ञापन (PSAs) का Link** |
| १ | जबरजस्ती करणी सम्बन्धी |
| २ | बालविवाह सम्बन्धी |
| ३ | महिला हिंसा विरुद्ध उजुरी सम्बन्धी |
| ४ | डढेलो नियन्त्रण सम्बन्धी |
| ५ | जेष्ठ नागरिक सम्बन्धी |

नेपाल सरकार

# विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं

| | |
|---|---|
| ६ | धुम्रपान स्वास्थ्यको लागि हानिकारक सम्बन्धी |
| ७ | बाल बालिका सम्बन्धी |
| ८ | बालविवाह नियन्त्रण सम्बन्धी |
| ९ | मानव बेचबिखन नियन्त्रण सम्बन्धी |
| १० | मेलमिलाप सम्बन्धी |
| ११ | हात धुने सम्बन्धी |
| १२ | विद्यालयमा दिइने दण्ड सजाय सम्बन्धी |
| १३ | वैदेशिक रोजगार सम्बन्धी |
| १४ | खानेपानी शुद्धिकरण सम्बन्धी |
| १५ | जबरजस्ती करणीको उजुरी सम्बन्धी |
| १६ | भौतिक पुर्वाधार निर्माण गर्दा वातावरण संरक्षण सम्बन्धी |
| १७ | महिला पुरुषको समान भूमिका सम्बन्धी- stereotype |
| १८ | महिला पुरुषको समान भूमिका सम्बन्धी |
| १९ | महिला शिक्षा सम्बन्धी |
| २० | लैंगिक हिंसा नियन्त्रण सम्बन्धी |
| २१ | वनजंगल नजिक हुँदा अपनाउनुपर्ने सावधानी सम्बन्धी |

पुनश्च: आ.व. २०८१।८२ का लागि लोककल्याणकारी विज्ञापन प्रसारण गर्न स्वीकृत ४३२ एफ.एम. रेडियोहरुको सूचीको लागि Click गर्नुहोस् ।